


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५५ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २८ अंक १ | वैशाख – असोज २०७७ | Year 28 Vol 1 | May 2020 - Oct. 2020

## राष्ट्रिय वाणिज्य बैंक
## गत आ.व.मा चार अर्ब ४५ करोड रुपैंया मुनाफा गर्न सफल

**काठमाडौं, २५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले अपरिष्कृत विवरण अनुसार गत आर्थिक वर्ष २०७६/०७७ मा बैंकिङ्ग क्षेत्रमा सर्वाधिक चार अर्ब ४५ करोड रुपैया खुद मुनाफा गर्न सफल भएको छ। अघिल्लो आर्थिक वर्षमा बैंकले पाँच अर्ब चार करोड रुपैया खुद मुनाफा गरेको थियो। अघिल्लो आवको तुलनामा गत आवमा बैंकको खुद मुनाफा ५९ करोड रुपैंयाले कमि आएको छ। कोभिड-१९ को कारण व्यवसायीहरुलाई ब्याजमा छुट दिएकाले गत आवमा मुनाफा घट्न गएको बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बताउनुभयो।



गत आवमा बैंकको निक्षेप दुई खर्ब ३० अर्ब रुपैंया, खुद कर्जा तथा सापट एक खर्ब ५० अर्ब रुपैया र लगानी ७४ अर्ब ७७ करोड रुपैया रहेको छ। अघिल्लो आवमा बैंकको निक्षेप एक खर्ब ८९ अर्ब रुपैंया, कर्जा एक खर्ब ४२ अर्ब रुपैया र विभिन्न सुरक्षणमा लगानी ४० अर्ब १८ करोड रुपैया रहेको थियो। यस अवधिमा बैंकको कुल ब्याज आम्दानी १७ अर्ब दुई करोड रुपैया र ब्याज खर्च सात अर्ब ७१ करोड रुपैया रहेको छ भने यस अवधिमा बैंकले कर्मचारी खर्च दुई अर्ब ९१ करोड र अन्य सञ्चालन खर्च एक अर्ब ३५ करोढ रुपैया गरेको छ।

आ.व. २०७६/०७७ मा बैंकको प्रति शेयर आम्दानी ४९ रुपैया ४५ पैसा, आधार दर ५।८० प्रतिशत, सिसिडि रेसियो ६२।४८ प्रतिशत, निष्कृय कर्जा अनुपात ४।०८ प्रतिशत, स्प्रेड दर ४।२६ प्रतिशत रहेको छ। बैंकको चुक्तापूँजी नौ अर्ब ४७ लाख रुपैया र जगेडा तथा कोष १४ अर्ब ४४ करोड रुपैया रहेको छ।

## बैंकको २४१ औं शाखा सुर्खेतको वीरेन्द्रनगरमा

**सुर्खेत, ४ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं.-६ स्थित शाखा कार्यालय वीरेन्द्रनगर सञ्चालनमा ल्याएको छ। कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाले साइनबोर्ड अनावरण गरी बैंकको २४१ औं शाखा कार्यालयको समुद्घाटन गर्नुभएको हो।



उक्त अवसरमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाले रा.वा.बैंक पूर्ण सरकारी बैंक भएकाले सरकारलाई सहयोग गर्नुपर्ने र बैंक नाफामुखी भन्दा पनि थप सेवामुखी हुनुपर्ने बताउनुभयो। उहाले महामारीको समयमा पनि बैंकले शाखा स्थापना गरी कर्णालीबासीलाई थप बैंकिङ्ग सेवा उपलब्ध गराएकोमा बैंक परिवारलाई धन्यवाद व्यक्त गर्नुभयो। बैंकको कर्णाली प्रादेशिक प्रबन्धक रामकुमार थापाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्णाली प्रादेशिक कार्यालयका प्रमुख डा. शालीकराम पोखेलले शाखाको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा शाखा कार्यालय वीरेन्द्रनगरका प्रबन्धक जयप्रकाश बरालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

# शाखा प्रबन्धक स्तरीय लक्ष्य प्रगति समिक्षा गोष्ठी भर्चुअल माध्यमबाट सम्पन्न



**काठमाडौं, २८ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना र प्रादेशिक कार्यालयहरुको संयोजनमा कोभिड-१९ को महामारीको बाबजुद सातवटै प्रदेशमा शाखा प्रबन्धक स्तरीय लक्ष्य प्रगति समिक्षा सम्बन्धी भर्चुअल माध्यमबाट गोष्ठी सम्पन्न भएका छन् । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको निक्षेप वर्तमान परिस्थितिको कारण बढेको हुँदा निक्षेप परिचालमा थप ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले निस्कृय कर्जा अनुपात अन्य बैंकको तुलनामा अधिक रहेकाले यसलाई ग्राहकसँग सम्झौता गरेर वा नीति नियम, कानूनको परिपालनाबाट कम गर्न सकिने बताउनुभयो । निकट भविष्यमा बैंकले क्रेडिट कार्ड र विभिन्न व्यवसायीक स्थानमा रहने गरी एक हजार थान पोस मेसिन सेवाको शुरुवात गर्न लागेको श्रेष्ठले बताउनुभयो । श्रेष्ठले महामारीको समयमा पनि बैंकले सर्वाधिक मुनाफा आर्जन गर्न सफल भएकोमा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले बैंकले सन् २०२० देखि २०२५ सम्मको लागि पाँचवर्षे विस्तुत मार्गचित्र बनाएर काम गरिरहेको बताउनुभयो । गोष्ठीमा उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, देवेशप्रसाद लोहनी र विभागीय प्रमुखहरुले उठेका विषयबस्तु उपर छलफल गर्दै सुझाव दिनुभएको थियो । गोष्ठीमा हरेक शाखाका प्रबन्धकहरुले शाखाका विविध पक्षका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने ब्रान्च अपरेशन विभागका प्रमुख सरोज बस्नेतले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । प्रदेशगत रुपमा सञ्चालन भएको गोष्ठी प्रविधिको प्रयोग गरी बैंकको केन्द्रीय कार्याबाट भर्चुअल माध्यमबाट पहिलोपटक सञ्चालन गरिएको थियो ।

**कर्णाली प्रादेशिक कार्यालय, सुर्खेत**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी कर्णाली प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी साउन १९ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, कर्णाली प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक रामकुमार थापा लगायत कर्णाली प्रादेशिक कार्यालय अन्तरगतका १८ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो । गोष्ठीमा कर्णाली प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक रामकुमार थापाले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए ।

**५ नम्बर प्रादेशिक कार्यालय, नेपालगंज**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी ५ नम्बर प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी साउन १७ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, ५ नम्बर प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक आनन्द सुवेदी लगायत ५ नम्बर प्रादेशिक कार्यालय अन्तरगतका ३५ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो । गोष्ठीमा ५ नम्बर प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक आनन्द सुवेदीले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए ।

**सुदूर पश्चिम प्रादेशिक कार्यालय, धनगढी**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी साउन २३ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, सुदूर पश्चिम प्रादेशिक कार्यालयका प्रादेशिक निमित्त प्रा.प्रबन्धक भोजराज भट्ट लगायत सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तरगतका २२ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो । गोष्ठीमा सुदूर पश्चिम प्रादेशिक कार्यालयका प्रादेशिक निमित्त प्रा.प्रबन्धक भोजराज भट्टले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए ।

**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी गण्डकी प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी साउन २४ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, गण्डकी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक ऋषिराम ढकाल लगायत गण्डकी प्रादेशिक कार्यालय अन्तरगतका २८ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो । गोष्ठीमा गण्डकी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक ऋषिराम ढकालले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए ।

**२ नम्बर प्रादेशिक कार्यालय, वीरगंज**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी २ नम्बर प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी साउन ३० गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु,

**सुझाव तथा प्रतिक्रियाको लागिः** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेलः rbbnl@rbb.com.np, फोनः ०१-४२५२५९५, Ext. २४२३

विभागीय प्रमुखहरु, २ नम्बर प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक विश्वप्रकाश ज्ञवाली लगायत २ नम्बर प्रादेशिक कार्यालय अन्तरगतका ३१ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीमा २ नम्बर प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक विश्वप्रकाश ज्ञवालीले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए।

**बाग्मती प्रादेशिक कार्यालय, काठमाडौं**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी बाग्मती प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी साउन ३१ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, बाग्मती प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठ लगायत बाग्मती प्रादेशिक कार्यालय अन्तरगतका ५५ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीमा बाग्मती प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए।

**१ नम्बर प्रादेशिक कार्यालय, बिराटनगर**

आ.व. २०७६।०७७ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी १ नम्बर प्रादेशिक कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरु सम्मिलितको गोष्ठी भदौ २६ गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, १ नम्बर प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक ऋषब भट्टराई लगायत १ नम्बर प्रादेशिक कार्यालय अन्तरगतका ५१ शाखा कार्यालयका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो। गोष्ठीमा १ नम्बर प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक ऋषब भट्टराइले प्रदेश भित्रका समग्र प्रस्तुतिकरण गर्नुभएको थियो भने शाखा प्रबन्धकहरुले आ-आफ्नो शाखाको लक्ष्य प्रगति, लकडाउन, निषेधाज्ञाको समयमा शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा कल सेन्टर सञ्चालन

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**काठमाडौं, ४ भदौ**

राष्ट्रिय वाणिज्य बैंकाद्वारा बैंकको सेवा सुविधा सम्बन्धी जानकारी दिने उद्धेश्यले कल सेन्टर सञ्चालनमा ल्याएको छ। कल सेन्टरबाट बैंकको शाखा संजाल, ब्याजदर, डिजिटल बैंकिङ्ग लगायतका विषयहरुमा बैंक सम्बन्धी जानकारी प्रदान गरिने बैंकका ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले बताउनुभयो। कल सेन्टरबाट सूचना लिनको लागि ०१-५९७००१८ नम्बरमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

# उर्जा बचत कार्य गरे वापत रा.वा.बैंकद्वारा विभिन्न कम्पनीलाई अनुदान रकम हस्तान्तरण



**काठमाडौं, २९ असार**

राष्ट्रिय वाणिज्य बैंकद्वारा जर्मन सरकारको सहयोगमा संचालित 'Energy Efficiency Program Nepal' को अनुदान सहयोग कार्यक्रम अन्र्तगत अशोक स्टील इन्डस्ट्रिज प्रा.लि.लाई एक करोड रुपैया, सीताराम गोकुल मिल्क्स लाई २० लाख एक हजार एक सय एकतीस रुपैंया, गोइन्का स्टील प्रा.लि. लाई पाँच लाख ६० हजार चार सय रुपैया रकम मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गरेको हुँदा स्विकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकमको चेक एक समारोहका बिच हस्तान्तरण गरिएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले चेक हस्तान्तरण गर्दै अन्य उद्योगहरुलाई उर्जा बचत गर्ने कार्यमा लगानी गरी यस कार्यक्रममा सहभागी हुन आव्हान गर्नुभयो। उहाँले अन्य बैंकको तुलनामा रा.वा.बैंकको आधार दर कम भएकाले कर्जा सुविधा लिन पनि आव्हान गर्नुभयो।

नेपाल सरकार र जर्मन सरकार बिच सन् २०१० मा नेपालको औद्योगिक तथा ब्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले 'Energy Efficiency Program Nepal' आयोजना कार्यन्वयनको लागि Project Executing Agency (PEA) को रुपमा सहायता सम्बन्धि कार्य गर्ने गरेको छ। यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ। यस आयोजना अन्तर्गत कुनै एक ईकाइले मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरणमा लगानी गरेमा स्विकृत अनुदान कार्यविधि भित्र रही अधिकतम रु. १ करोड सम्मको सहायता रकमका लागि दरखास्त दिन पाइनेछ।

# आ.व. २०७७/०७८ को लागि कार्यसम्पादन सम्झौता सम्पन्न



**काठमाडौं, ३१ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०७७/०७८ को बजेट तथा वार्षिक कार्यक्रममा उल्लेखित लक्ष्यहरु अनुरुपको उपलब्धि हासिल गर्न सो लक्ष्य अनुरुपका कार्यक्रमहरु बनाई प्रभावकारी रुपमा लागू गर्ने सम्बन्धमा बैंक संचालक समतिका अध्यक्ष निर्मलहरि अधिकारीसँग प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कार्यसम्पादन सम्झौता गर्नुभएको छ। त्यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठसँग नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरुले कार्यसम्पादन सम्झौता गर्नुभएको छ। बैंकका प्रादेशिक प्रबन्धकहरुले प्रमुख कार्यकारी अधिकृतसँग र शाखा प्रबन्धकहरुले आ-आफ्नो प्रादेशिक प्रबन्धकहरुसँग कार्यसम्पादन सम्झौता चाँडैनै गर्नुपर्ने ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले बताउनुभयो।

अन्तरवार्ता

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीज्यूसँग बैंकले हासिल गरेका उपलब्धि, बैंकको पछिल्लो अवस्था, चुनौती र आगामी योजनाबारे रा.वा.बैंक समाचारका सहायक सम्पादक ईश्वर उप्रेतीले गर्नुभएको कुराकानीको सम्पादित अंश तल प्रस्तुत गरिएको छ ।**



श्री कविराज अधिकारी
नायब प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय वाणिज्य बैंक लि.

☞ **राष्ट्रिय वाणिज्य बैंकको पछिल्लो अवस्था कस्तो छ ?**

❖ राष्ट्रिय वाणिज्य बैंकको गत आषाढ मसान्तमा २ सय ३० अर्ब रुपैंया निक्षेप रहेको छ । कर्जा १ सय ५० अर्ब रुपैंया छ भने सीडी रेसियो अहिले ६७ प्रतिशत छ । हाम्रो आधार दर ५।८० प्रतिशत रहेको छ । अहिलेको अवस्था हेर्दा गत आर्थिक वर्षको आषाढ मसान्त सम्मको खुद मुनाफा चार अर्ब ४५ करोड रुपैयाँ भएको छ, जुन नेपालको बैंकिङ्ग क्षेत्रमा भएको सर्वाधिक मुनाफा हो । समग्रमा भन्नुपर्दा बैंकको वित्तीय अवस्था सन्तोषजनक छ ।

☞ **सरकारी स्वामित्वका बैंकहरु प्रविधिमा निकै पछाडि छन् भनिन्छ, सरकारी स्वामित्वको रा.वा.बैंक प्रविधि प्रयोगमा कहाँनेर हुनुहुन्छ ?**

❖ नेपालका बैंकहरु निकै पछि मात्रै प्रविधिमा प्रवेश गर्न थालेको पाइन्छ । जति पनि प्रविधिको विकास भएको छ, बैंकिङ कारोबार गर्न निकै सहज भएको छ । हिजो चेक काटेर बैंकमा गएर लाईन बस्नुपर्थ्यो अहिले एटिएममा पुगेर पैसा निकाल्न सकिन्छ । हिजो फण्ड ट्रान्सफर गर्न बैंकमै पुग्नु पर्थ्यो, अहिले मोवाइलबाटै हुन्छ । अहिलेको पुस्ता प्रविधिमैत्री भएकाले सबै काम घरमै बसीबसी गर्न सक्छन् । अहिले लकडाउनमा नागरिकमा प्रविधि प्रयोगको बानी बढेको छ । राष्ट्रिय वाणिज्य बैंकको कुरा गर्दा अहिले हाम्रो ग्राहकसंख्या करिब ३० लाख छ । हामीले नयाँ पुस्ताका ग्राहकलाई बैंकमा आकर्षण गर्नका लागि मजबुत सूचना प्रणालीको विकास गर्दै प्रविधिमा आधारित बैंकिङ्गको लागि यथेष्ट लगानी गरिरहेका छौं । अहिले करिब १३ लाख ग्राहकले मोवाइल बैकिङ्ग सेवा प्रयोग गर्छन । हामीले बैंकमा दक्ष जनशक्तिलाई नियुक्त गर्दै आएकाले अबको प्राथमिकता अटोमेशनमा नै फोकस हुने हो । अहिले कूल कारोबार संख्याको करिब ५० प्रतिशत कारोबार विद्युतीय माध्यमबाट हुने गरेको छ, आगामी दिनमा यो झन बढ्दो अवस्थामा छ ।

☞ **बैंकहरुले प्रविधिसँग सम्बन्धित कार्यहरु गर्दा डिजिटल कारोबारमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न विषयलाई बैंकले कसरी लिइरहेको छ ?**

❖ पछिल्लो समयमा बैंकहरुले प्रविधिमा अधारित बैंकिङ्ग सेवाहरु दिदै आइरहेका छन् भने यो सँगसगै जोखिम पनि बढिरहेको छ । बैंक जनताको निक्षेपको कस्टोडियन भएकाले ग्राहकको सम्पत्तिको सुरक्षा गर्नु बैंकको दायित्व हो । आजकाल डिजिटल पेमेन्टमा विभिन्न किसिमका सुरक्षा चुनौतीहरु बढिरहेका छन् । त्यहि भएर राष्ट्र बैंकले पनि डिजिटल पेमेन्टमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्नको लागि बैंकहरुलाई आवश्यक कदम चाल्न भनिरहेको छ । राष्ट्र बैंकले तपाईहरू नयाँ प्रणालीमा जाँदै हुनुहुन्छ त्यहि अनुरुपको सुरक्षामा पनि ध्यान दिनुस् भन्नु भएको छ । पछिल्ला दिनमा अन्य बैंकहरुमा ह्याकिङलगायतका समस्या आइरहेका छन् र त्यसबाट बैंकलाई कसरी बचाउने भन्ने विषयमा हामीहरु चिन्तित छौं । डिजिटल कारोबारमा हुन सक्ने जोखिमको लाई नियन्त्रण गर्न बैंकले आवश्यक नीति, कार्यविधि, पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्था गर्ने साथै आइएस अडिट गर्ने एवं त्यसका सुझावहरुलाई कार्यान्वयन गर्ने गरेको छ ।

☞ **अहिले सबै बैंकहरुले ब्याजदर घटाएका छन्, राष्ट्रिय वाणिज्य बैंकले पनि ब्याजदर घटाएर एकल अङ्कमा ल्याएको छ, निक्षेपको ब्याजदर पनि घटाएको छ, यसले भविष्यमा तरलताको समस्या फेरी आउन सक्छ होला नि ?**

❖ अहिले कोभिड-१९ को माहामारीको कारण आर्थिक गतिविधि न्यून भइरहेको छ । कर्जाको माग धेरै नभएकाले पनि बैंकहरुले ब्याजदर घटाएका हुन । कर्जाको ब्याजदर घटाए पछि निक्षेपमा पनि घटाउनु नै पर्यो । अहिले वास्तवमा बैंकहरुमा अधिक तरलताको अवस्था छ । भोली माहामारी नियन्त्रण हुँदै गएपछि कर्जाको माग बढ्छ, त्यतिबेला नयाँ कर्जा लगानी गर्न चाहिने निक्षेप नै हो । त्यसैले निक्षेप अनुत्पादक क्षेत्र तर्फ जान नदिन सजग हुनुपर्ने बेला अहिले नै हो । मुनाफा बढाउनको लागि अहिले अनुत्पादक क्षेत्रमा लगानी हुन नदिन तर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ । अन्यथा फेरी तपाइले भन्नुभएको जस्तो तरलताको समस्या आउन सक्छ । राष्ट्रिय वाणिज्य बैंकको सिडि रेसियो गत आषाढमा पनि ६७ प्रतिशतको हाराहारीमा रहेकाले भविष्यमा नयाँ कर्जा लगानी गर्न सक्ने अवस्थामा हामी रहेका छौं, तसर्थ रा.वा. बैंकमा तरलताको समस्या आउने सम्भावना छैन ।

☞ **वर्तमान अवस्थामा वाणिज्य बैंकहरुमा के कस्ता चुनौतीहरु छन् ?**

❖ विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारणले निश्चित रुपमा देशको अर्थतन्त्र कमजोर बन्ने अवस्था रहयो । आर्थिक गतिविधिहरु न्यून भए उद्योग, व्यवसायहरु बन्द भए, मानिसहरु घरभित्रै बस्नुपर्ने अवस्था आयो । जसले गर्दा भएको कर्जाको साँवा व्याज तिर्ने क्षमता घट्नु एउटा चुनौती हो साथै कर्जाको माग हुन सकेन र बैंकमा अधिक तरलताको स्थिति हुन पुग्यो । यो अवस्थामा निक्षेप परिचालन गर्नु अबको प्रमुख चुनौतीको रुपमा देखापरेको छ । अनौपचारिक च्यानल बाट भएको आर्थिक कारोबार पनि बैंकको लागि चुनौतीपूर्ण विषय हो । एउटै ग्राहकलाई धेरै बैंकहरुबाट कर्जाका अफर आइरहेका छन्, त्यसले गर्दा उच्च लागतको डिपोजिट लिएर पूर्ण रुपमा लगानी गर्न सकेको अवस्था छैन । केही बैंकमा दक्ष तथा योग्य जनशक्तिको टर्नओभर पनि एक ठूलो चुनौती हो । साइबर क्राइम सेक्युरिटी पनि चुनौतिको रुपमा आएको छ । बैंकको कर्जा जोखिम व्यवस्थापन जस्तै सञ्चालन जोखिम व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रुपमा रहेको छ ।

☞ **देशमा अहिले पनि धेरै जनसंख्यामा वित्तीय सेवाको पहुँच पुग्न सकेको छैन, यस सम्बन्धमा राष्ट्र बैंकको निर्देशन पनि रहेको छ राष्ट्रिय वाणिज्य बैंकले वित्तीय साक्षरतालाई कसरी अगाडि बढाइरहेको छ ?**

❖ नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार देशमा अहिले ६१ प्रतिशत जनसंख्यामा मात्र वित्तीय सेवाको पहुच पुग्न सकेको छ । नेपाल राष्ट्र बैंकले सबै बैंक तथ वित्तीय संस्थाहरुलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु गर्न स्पस्ट निर्देशन समेत दिएको छ । राष्ट्रिय वाणिज्य बैंकले यस कार्यक्रमलाई प्राथमिकताका साथ अभियानकै रुपमा सञ्चालन गरिरेको छ । हाम्रा २ सय ४१ वटा शाखा कार्यालयहरुलेनै हरेक त्रयमासमा विभिन्न ठाउँमा गएर वित्तीय चेतनामूलक संचेतना कार्यक्रमहरु गरिरेका छन् । राज्यको हरेक नागरिकको बैंक खाता होस् भन्ने अभियानमा सघाउ पुऱ्याउन बैंक खाता नहुने नागरिकले खाता खोलेमा बैंकको तर्फबाट एक सय रुपैंया प्रदान गर्ने नीति लिएको छ । बैंकको ९३ वटा शाखा रहित बैंकिङ्ग, १३ लाख मोवाइल बैंकिङ्ग सेवाबाट पनि वित्तीय पहुँचमा थप सहयोग पुगेको छ ।

☞ **अन्तमा, राष्ट्रिय वाणिज्य बैंकका भावी योजना तथा कार्यक्रमहरुको बारेमा बताइदिनोस न् ?**

❖ राष्ट्रिय वाणिज्य बैंकले पाँच बर्षे रणनीति बनाएर अघि बढेको छ । हामी सबै नेपालीले सहज रुपमा बैंकमा खाता खोल्ने, कर्जा लिने तथा कुनै पनि बैकिङ्ग सेवा प्राप्त गरुन् भन्ने चाहन्छौं । हाम्रो योजना भनेको डिजिटल बैंकिङ सेवा तर्फ जाने हो, अबका बैंकिङ भनेको डिजिटल बैंकिङ्ग हो, हामी पनि त्यसतर्फ लागिहरेका छौं । हामी प्रविधिलाई प्राथमिकतामा राखेर अघि बढिरहेका छौं । बैंकको खाली १२ ठाउंमा नयाँ भवनहरु बनाईरहेका छौं । पुराना कागजपत्र धुल्याउने, शाखाको लेआउट बनाउने, बैंकको विजनेशलाई बलियो बनाउने कार्य गरिरहेका छौं । कर्मचारीको दक्षताको अध्ययन गरी सोही अनुसार काम गराउने साथै ग्राहकवर्गको अपेक्षा अनुसारको ग्राहक केन्द्रित भई प्रविधिमैत्री दिगो बैंकिङ्गनै हाम्रो लक्ष्य हो ।

# राष्ट्रिय वाणिज्य बैंक र कमलामाई न.पा. बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता

**काठमाडौं, २८ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कमलामाई नगरपालिका (सिन्धुली जिल्ला) बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र कमलामाई नगरपालिकाका नगर प्रमुख खड्गबहादुर खत्रीले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि नगरपालिकाले नगर क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले आफ्नो कुल कर्जाको एक प्रतिशत बराबर रकम सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने लक्ष्य लिएको र यस्तो कर्जाले देशलाई उत्पादनसँग जोड्न सघाउ पुर्‍याउने बताउनुभयो । नगर प्रमुख खड्गबहादुर खत्रीले नगरपालिकाले लिएको उत्पादन र रोजगारीसँग सम्बन्धित लक्ष्य प्राप्त गर्नकोलागि यस्तो सहुलियतपूर्ण कर्जाबाट सहयोग पुग्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले राज्यले अबलम्बन गरेको नीतिलाई सहयोग पुग्ने गरी विभिन्न नौ वटा शिर्षकमा सहुलियतपूर्ण कर्जा प्रवाह गरिरहेको बताउनुभयो ।



कार्यक्रममा कृषि तथा सामाजिक बैंकिङ्ग विभागका प्रमुख राज्य लक्ष्मी खड्गीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । उक्त अवसरमा राष्ट्रिय वाणिज्य बैंकका बागमती प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठ, कम्पनी सचिव भोलानाथ पौडेल, राजन घिमिरे, प्रकाश राई, नगरपालिकाका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा विभिन्न होल्डिङ्ग सेन्टरमा खानेपानी वितरण



**काठमाडौं, १४ असार**

राष्ट्रिय वाणिज्य बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना महामारीको अवस्थामा सरकारले सञ्चालन गरिरहेको विभिन्न होल्डिङ्ग सेन्टरहरुमा खानेपानी वितरण गरेको छ । कोरोना महामारीको अवस्थामा देश बाहिरबाट आउनुभएका विभिन्न नागरिकहरुलाई उद्दार गर्ने क्रममा सरकारले त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा अवतरण गरिसके पछि विभिन्न होल्डिङ्ग सेन्टरहरुमा राखी घर पठाउने गरेको र उक्त होल्डिङ्ग सेन्टरहरुहरुको व्यवस्थापन नेपाली सेना तथा खानेपानी, खाध्य सामग्री लगायतको व्यवस्था नेपाल रेडक्रसको अगुवाइमा भैरहेकोमा बैंकको बागमती प्रदेश कार्यालय मार्फत तीन वटा होल्डिङ्ग सेन्टरहरुमा सात दिनको लागि खानेपानी व्यवस्था गर्ने जिम्मा लिएको छ । सो अवसरमा बैंकको वागमती प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठले नेपाल रेडक्रस सोसाईटीका पदाधिकारीहरुको उपस्थितिमा काठमाडौं उपत्यकाको बसुन्धरा तथा धुम्बाराहीमा रहेका ३ वटा होल्डिङ्ग सेन्टरमा नेपाली सेनाका अधिकृतहरुलाई खानेपानी व्यवस्थापन गर्ने जिम्मा लिएको जानकारी गराउदै आवश्यक पर्ने खानेपानी हस्तान्तरण गर्नुभयो ।


# राष्ट्रिय वाणिज्य बैंकको सम्पूर्ण कर्जाको ब्याजदर एकल अङ्क (Single Digit) मा

**काठमाडौं, ८ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले प्रवाह गर्ने सम्पूर्ण कर्जाको ब्याजदर २०७७ श्रावण ७ गतेबाट एकल अङ्क (Single Digit) मा हुने गरी तोकेको छ। बैंकले नयाँ तथा पुराना ग्राहकहरुको लागि कर्जाको ब्याजदर अधिकतम ९.०५ प्रतिशत मात्रै हुने गरी तोकेको छ । हाल बैंकको आधारदर ५.८० प्रतिशत रहेको छ ।

# सूचना अधिकारीको जिम्मेवारी थप

**काठमाडौं, ५ साउन**



राष्ट्रिय वाणिज्य बैंक लि. व्यवस्थापन समितिको मिति २०७७ साउन ५ गतेको निर्णयअनुसार उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीलाई बैंकको सूचना अधिकारीको जिम्मेवारी थप गरिएको छ ।

मानव संशाधन

# मिति २०७७।०४।१९ देखि २०७७।०५।२३ गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री केन्दिप श्रेष्ठ | ११८७५ | धनकुटा | धनकुटा | शाखा प्रबन्धक |
| २ | श्री सुमन रखाल | १२५३१ | भोजपुर | चैनपुर | शाखा प्रबन्धक |
| ३ | श्री छत्र बहादुर ढकाल | १२१०७ | झापा बजार | झापा बजार | नि.शाखा प्रबन्धक |
| ४ | श्री सागर राजधामी | ११६६६ | पिडारीचोक | बयरवन | नि.शाखा प्रबन्धक |
| ५ | श्री रोशन सुवेदी | ११९३४ | १ नं.प्रदेश कार्यालय, बिराटनगर | पथरी | शाखा प्रबन्धक |
| ६ | श्री सुरेश मण्डल | ११६६१ | चैनपुर | धनुषा महेन्द्रनगर | शाखा प्रबन्धक |
| ७ | श्री बिजय कुमार दास | ११५७५ | लाहान | कठौना | शाखा प्रबन्धक |
| ८ | श्री चित्र बहादुर खड्का | ११४६७ | सल्लेरी | सल्लेरी | शाखा प्रबन्धक |
| ९ | श्री प्रदिप वि.क. | १२२६६ | श्रीपुर बेलौरी | त्रिवेणी | शाखा प्रबन्धक |
| १० | श्री महेश राज भट्ट | १२५१५ | गुलरिया | श्रीपुर बेलौरी | शाखा प्रबन्धक |
| ११ | श्री ईश्वरी दत्त बडु | १०७७८ | दार्चुला | मष्टा | शाखा प्रबन्धक |
| १२ | श्री धिरेन्द्र पार्की | १२४०५ | दार्चुला | दार्चुला | नगद सहायक |
| १३ | श्री निरोज पाण्डे | १२५०४ | गरुडा बजार | गौर | शाखा प्रबन्धक |
| १४ | श्री समित कुमार ठाकुर | ११५०३ | गौर | जदुकोहा | शाखा प्रबन्धक |
| १५ | श्री शोभा जोशी | १२२५२ | हेटौडा | फर्पिङ्ग | शाखा प्रबन्धक |
| १६ | श्री हिमलाल खनाल | १२२४६ | गुलरिया | सु.ब. भैरहवा | शाखा प्रबन्धक |
| १७ | श्री माधव पौडेल | १२०९९ | सु.ब. भैरहवा | सुनवल | शाखा प्रबन्धक |
| १८ | श्री सुमन बस्याल | १२१०३ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | गुलरिया | शाखा प्रबन्धक |
| १९ | श्री टोपराज पराजुली | ११६४४ | मिर्चैया | नेचाविहिवारे | नि.शाखा प्रबन्धक |
| २० | श्री शंकर सिंह | ११५३९ | नेचाविहिवारे | ई. बैकिङ्ग विभाग | बरिष्ठ सहायक |
| २१ | श्री टंक प्रसाद सग्ग्रौला | ११५३० | वित्त विभाग | सूचना प्रविधि विभाग | बरिष्ठ सहायक (सू.प्र.) |
| २२ | श्री सुजाता थापा | ११८३७ | टोखा | टोखा | शाखा प्रबन्धक |
| २३ | श्री नविना ढकाल | १२५११ | कोटेश्वर | कोटेश्वर | शाखा प्रबन्धक |
| २४ | श्री यदुनाथ निरौला | ११६४३ | मिर्चैया | जीतपुर | नि.शाखा प्रबन्धक |
| २५ | श्री प्रतिमा बान्तवा | १२६४६ | जीतपुर | बिराटनगर | सहायक प्रबन्धक |
| २६ | श्री सन्जिब खनाल | ११८२० | देवकोटाचोक | खोटाङ्गबजार | नि.शाखा प्रबन्धक |
| २७ | श्री महेश नेपाल | १२०६९ | खोटाङ्गबजार | ईटहरी | शाखा सहायक प्रबन्धक |
| २८ | श्री रिमा श्रेष्ठ | १२५३७ | बिदुर | बिदुर | शाखा सहायक प्रबन्धक |
| २९ | श्री साजन श्रेष्ठ | ११४९६ | बिदुर | सूचना प्रविधि विभाग | बरिष्ठ सहायक (सू.प्र.) |
| ३० | श्री बिष्णु प्रसाद अर्याल | ११०९८ | ओखलढुङ्गा | वित्त विभाग | उप प्रबन्धक |
| ३१ | श्री सुवाष प्रसाद निरौला | ११४६१ | ओखलढुङ्गा | ओखलढुङ्गा | शाखा प्रबन्धक |
| ३२ | श्री निरोज कुमार श्रेष्ठ | ११५९८ | चरिकोट | संस्थागत तथा स.म.कर्जा विभाग | उप प्रबन्धक |
| ३३ | श्री उपेन्द्र परियार | १२५३९ | चरिकोट | चरिकोट | शाखा प्रबन्धक |
| ३४ | श्री दिपेन्द्र भट्टराई | ११४५० | हेटौडा | १ नं.प्रदेश कार्यालय, बिराटनगर | सहायक प्रबन्धक |
| ३५ | श्री कल्पना तिमिल्सिना | १३०१९ | डोटी | डोटी | नगद सहायक |
| ३६ | श्री भिम प्रसाद भण्डारी | १३०८७ | अर्जुनचौपारी | अर्जुनचौपारी | नगद सहायक |
| ३७ | श्री भिम बहादुर माझी | ११८१८ | ईलेक्ट्रोनिक बैकिङ्ग विभाग | प्रस्तावित शा.का.बिरेन्द्रनगर | शाखा सहायक प्रबन्धक |
| ३८ | श्री लभ नेपाली | १२४०६ | चौरजहारी | प्रस्तावित शा.का.बिरेन्द्रनगर | नगद सहायक |
| ३९ | श्री रबिन साउद | १२९७४ | चौरजहारी | चौरजहारी | नगद सहायक |
| ४० | श्री निशा कडेंल | ११९९४ | सिमिकोट | प्रस्तावित शा.का.बिरेन्द्रनगर | सहायक |
| ४१ | श्री निर्जला थापा | ११९१५ | दैलेख | प्रस्तावित शा.का.बिरेन्द्रनगर | सहायक |
| ४२ | श्री नेम बहादुर शाही | ११९२६ | चौरजहारी | कर्णाली प्रदेश कार्यालय, सुर्खेत | सहायक |

# राष्ट्रिय वाणिज्य बैंकको सिबिएस अब सेन्ट्रलाइज डाटावेस प्रणालीमा

**काठमाडौं, २५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटको कोर बैंकिङ्ग सफ्टवेयर (सिबिएस) डिस्ट्रिब्युटेड डाटाबेस प्रणालीबाट सेन्ट्रलाइज डाटावेस प्रणालीमा परिवर्तन गरिएको छ। यही साउन नौ गते देखि भदौ २० गते सम्ममा बैंकको दुई सय ४१ वटै शाखाहरुको डिस्ट्रिब्युटेड डाटाबेस फेजगत रुपमा सेन्ट्रलाइज डाटावेस प्रणालीमा परिवर्तन गरिएको हो।

आ.ब. २०५८/०५९ सालमा बैंकमा वित्तीय क्षेत्र सुधार कार्यक्रम मार्फत आइबिएस कार्यक्रम लागू गरी बैंकका सम्पूर्ण शाखा संजाललाई यान्त्रिकृत गर्ने क्रममा प्रयोग भैरहेको आरबिबिसिस्को सहायताबाट डाटा क्याप्चर र माइग्रेसन गरी सुरुमा केही शाखाहरुमा पुमोरी प्लस ३ कोर बैंकिङ्ग सफ्टवेयर लागू गरिएको थियो। कार्यरत जनशक्तिको प्रबल इच्छाशक्ति र लगानशिलताका कारण पछि बैंकको सम्पूर्ण विभाग, प्रादेशिक कार्यालय र शाखा कार्यालयहरुमा केन्द्रीय कार्यालयमा रहेको सेन्ट्रलाइज सर्भर मार्फत प्रत्येक कार्यालयहरुमा डिसेन्ट्रलाइज प्रणालीमा पुमोरी प्लस ३ लागु भई ग्राहकलाई बैंकिङ्ग सेवा दिइदैं आइरहेको थियो। बैंकको कारोबारको संख्या र आकार सेवा वितरण इकाइहरमा बढ्दै जादा यसको चाप कोर बैंकिङ्ग प्रणालीमा बढ्दै गयो।

यस्तो डिसेन्ट्रेलाइज प्रणालीमा रहेको डाटाबेसबाट सेवामा कठिनाई, डाटा इन्टिग्रिटीमा समस्या हुन सक्ने, नियामक निकायलाई दिनुपर्ने रिपोर्टहरुमा समस्या आउन सक्ने, मानवीय त्रुटि हुन सक्ने, वैकल्पिक वितरण माध्यममा विभिन्न समस्याहरु आइरहने हुँदा बैकमा भैरहेको कोर बैंकिङ्ग प्रणालीलाई सेन्ट्रलाइज डाटावेस प्रणालीमा परिवर्तन गरी मर्कन्टाइल अफिस सिस्टमले निर्माण गरेको पुमोरी प्लस ४ कोर बैंकिङ्ग सफ्टवेयर लागु गरिएको बैंकका उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीले बताउनुभयो। उहाँले कोर बैंकिङ्ग प्रणालीलाई सेन्ट्रलाइज डाटावेस प्रणालीमा परिवर्तन गरेपछी बैंकमा डाटाको विश्वसनीयता बढ्ने, रिपोर्टहरु निकाल्न सजिलो हुने, बैंकल्पिक वितरण माध्यमहरुको कार्यसम्पादनमा बृद्धि भई ग्राहकहरुलाई थप आधुनिक, डिजिटल र भरपर्दो बैंकिङ्ग सेवा प्रवाह गर्न सहज हुने बताउनुभयो।

हाल राष्ट्रिय वाणिज्य बैंकका ३० लाख भन्दा बढी ग्राहक रहेका छन् भने देशको ७७ वटै जिल्लामा २४१ वटा शाखा कार्यालय, २०५ वटा एटिएम, ९३ वटा शाखा रहित बैंकिङ्ग सेवा, १३ लाख भन्दा बढी मोवाइल बैंकिङ्गका ग्राहक र पाँच लाख ५० हजार भन्दा बढी डेबिट कार्ड लिने ग्राहकको संख्या रहेको छ।

# मुख्य शाखा कार्यालयको सहयोगमा भोजन वितरण



**काठमाडौं, ३१ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मुख्य शाखा कार्यालय विशालबजारको आर्थिक सहयोगमा तीन सय ५० जना भोका मजदुर तथा बेसहारा नागरिकलाई रत्नपार्क स्थित भोजन वितरण गरिएको मु.शा.का.की प्रबन्धक दुर्गा छत्कुलीले बताउनुभयो। सो कार्यमा शाखाका कर्मचारीहरु तथा स्थानीय रोयल कोलाब्रेटिभ्स् सामाजिक संस्थाले स्वयमसेवी रुपमा कार्य गरेको जानकारी प्राप्त भएको छ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा केयर रेटिङ्गसमा ए प्लस (CARE-NP A+) प्राप्त

**काठमाडौं, १५ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले केयर रेटिङ्गस नेपालद्वारा गरिएको रेटिङ्गसमा ए प्लस (CARE-NP A+) रेटिङ्गस प्राप्त गरेको छ । केयर रेटिङ्गसमा ए प्लस रेटिङ्गसले बैंकको कर्जा जोखिम न्यून रहनुका साथै वित्तीय अवस्था मजबुत रहेको बुझिने बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बताउनुभयो । राष्ट्रिय वाणिज्य बैंक गत आ.व. २०७५/०७६ मा सबैभन्दा बढी पाँच अर्ब चार करोड रुपैंया मुनाफा कमाउन सफल भएको र आ.व. २०७४/०७५ मा बैंक वित्तीय संस्था तथा विप्रेषण कारोबार गर्ने संस्थामध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने बैंकको रुपमा रहेको छ ।

**युनियन गतिविधि**

# रा.वा.बैंक कर्मचारी संघ नेपालको ३१औं वार्षिकोत्सब कार्यक्रम सम्पन्न




**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३१औं वार्षिकोत्सव कार्यक्रम विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण सामाजिक दुरी कायम गरी सरल रुपमा सम्पन्न भएको छ। वार्षिकोत्सवको अवसरमा संघका अध्यक्ष हेमराज सुवेदी, बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघका अध्यक्ष नारायणप्रसाद सुवेदी, संघका पूर्व अध्यक्ष वेतबहादुर लावतीले संयुक्त रुपमा संघको झण्डोत्तलन गर्नुभएको थियो । संघको वार्षिकोत्सवको अवसरमा रा.वा. बैंकको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजा परिसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले वृक्षारोपण गर्नुभयो ।

त्यस्तै शाखा कार्यालय दरबारमार्ग परिसरमा संघका अध्यक्ष हेमराज सुवेदी, तालिम तथा विकास विभागका प्रमुख दीपकराज न्यौपाने र दरबारमार्ग शाखाका प्रबन्धक दीनेश न्यौपानेले संयुक्त रुपमा वृक्षारोपण गर्नुभएको थियो । वार्षिकोत्सवको अवसरमा प्रादेशिक कार्यालयहरुको परिसरमा समेत वृक्षारोपण गरिएको थियो भने बैंकको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजा स्थित सम्पूर्ण कर्मचारीलाई मास्क वितरण गरिएको थियो । वार्षिकोत्सवको कार्यक्रममा सघंका बरिष्ठ उपाध्यक्ष रामप्रसाद जोशी, उपाध्यक्ष बद्रिप्रसाद तिमिल्सिना, महासचिव लक्ष्मीप्रसाद पाण्डेय, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल लगायत संघका कार्यकारीणी, केन्द्रीय समिति, क्षेत्रीय समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# अनलाइन तालिम सम्पन्न

**काठमाडौं, १२ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा मानव संशाधन विभागको समन्वयनमा बागमती प्रादेशिक कार्यालय अन्तर्गत नवनियुक्त ६३ जना सहायक कर्मचारीहरुलाई जनरल बैंकिङ्ग विषयमा यही भदौ १२ गते अनलाइनबाट तालिम प्रदान गरिएको छ। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, विभागीय प्रमुख दिपकराज न्यौपाने, बागमती प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठले सम्बोधन गर्नुभएको थियो। ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

**काठमाडौं, १९ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा मानव संशाधन विभागको समन्वयनमा १ र ५ नम्बर प्रादेशिक कार्यालय अन्तर्गत नवनियुक्त कुल ६७ जना सहायक कर्मचारीहरुलाई जनरल बैंकिङ्ग विषयमा यही भदौ १९ गते अनलाइनबाट तालिम प्रदान गरिएको छ । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृत सरस्वती अधिकारी, विभागीय प्रमुख दिपकराज न्यौपाने, १ नम्बर प्रादेशिक प्रबन्धक ऋषब भट्टराई र ५ नम्बर प्रादेशिक प्रबन्धक आनन्द सुवेदीले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेको उपस्थिति रहेको थियो । कर्जा विभागका विभागीय प्रमुख विनयरमण पौडेल, कम्प्लायन्स विभागका विभागीय प्रमुख कृष्ण साह र ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

**काठमाडौं, २६ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा सूचना प्रविधि विभागको समन्वयनमा शाखा कार्यालयहरुमा कार्यरत कुल ४८० जना कर्मचारीहरुलाई सेन्ट्रलाइज डाटावेस सम्बन्धी कोर बैंकिङ्ग सफ्टवेयर विषयमा यही भदौ २२ देखि २६ गतेसम्म अनलाइनबाट तालिम प्रदान गरिएको छ। शाखामा कार्यरत प्रबन्धक, सहायक प्रबन्धक, आइटी फोकल तथा अन्य कर्मचारीहरुलाई विभिन्न समुहमा प्रादेशिक रुपमा प्रशिक्षण दिइएको थियो । इलेक्ट्रोनिक बैंकिङ्ग विभागका प्रबन्धक गगनसिंह घिमिरेले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको )




राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईको आफ्नै बैंक
वर्ष २८ अंक १ वैशाख – असोज २०७७ Year 28 Vol 1 May 2020 - Oct. 2020

# बैंक सञ्चालक धनिराम शर्मा सुप्रबल जनसेवा श्री (तृतीय)बाट विभूषित



**काठमाडौँ, ३ असोज**

नेपाल सरकार अर्थ मन्त्रायका सहसचिव एवं राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिका सदस्य धनिराम शर्मा पाँचौ संविधान दिवसको अवसरमा नेपाल सरकारद्वारा सुप्रबल जनसेवा श्री (तृतीय) बाट विभूषित हुनुभएकोमा राष्ट्रिय वाणिज्य बैंक परिवार हार्दिक बधाई व्यक्त गर्दछ ।

## ब्रान्च प्रोफाइल

# शाखा कार्यालय पुतलीसडक (११३)

### (आ.व. २०७५।०७६ को ख वर्ग मध्ये प्रथम भएको शाखा)



| | |
|---|---|
| कुल निक्षेप | रु. २,९२,५३,३९,८९३.६२ |
| कुल कर्जा | रु. १,३१,०१,४१,५१४.७३ |
| मुनाफा | रु. ८,५८,१८,४८४.०३ |
| कुल ग्राहक संख्या | : ३२,६३६.०० |
| कुल कर्मचारी संख्या | : ९ |
| शाखा प्रबन्धक | : पुष्पा कुमारी खनाल |
| शाखा कार्यालयको स्थापना | : वि.सं. २०२४ फाल्गुण ६ गते । |
| **प्रति कर्मचारी** | |
| निक्षेप | रु. ३२,५०,३७,७६६.०० |
| कर्जा | रु. १४,५५,७१,२७९.०० |
| मुनाफा | रु. ९५,३५,३८७.११ |

**सफलताको रहस्य :**

प्रभावकारी ग्राहक सेवा, कुशल एवं प्रभावकारी नेतृत्व, प्रभावकारी समुह कार्य, कर्मचारी उच्च मनोबलका साथै एकापसमा कायम भएको समन्वय र सहकार्य, उपलब्ध श्रोत तथा साधनहरुको समुचित उपयोग, रा.वा.बैकप्रतिको ग्राहक महानुभावहरुको अटुट विश्वास र सदासयता, प्रद्रेश कार्यालयको निर्देशन एवं सहयोग, समन्वय, नियमित अनुगनमन तथा मार्गदर्शन, सरकारी कार्यालय एवं गैर सरकारी कार्यालयहरु, स्थानीय एवं केन्द्रिय सरकार, शैक्षिक संस्थाहरुको व्यवसायीक सहकार्य, सदासयता एवं निरन्तरता ।

# बैंक सञ्चालक रोमिला ढकाल उप्रेतीद्वारा शपथ ग्रहण



**काठमाडौँ, ७ असार**

राष्ट्रिय वाणिज्य बैंक लि.को रिक्त रहेको सञ्चालक पदमा काठमाडौं किर्तिपुर निवासी रोमिला ढकाल उप्रेती नेपाल सरकार मन्त्रीस्तरीय निर्णयबाट नियुक्त हुनुभएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले सञ्चालक रोमिला ढकाल उप्रेतीलाई २०७७ असार ७ गते पद तथा गोपनीयताको शपथ गराउनु भएको छ । सञ्चालक उप्रेतीको बैकिङ्ग क्षेत्रमा २० वर्ष भन्दा बढी अनुभव रहेको छ ।

# समवेदना

यस बैंकका के.का. इलेक्ट्रोनिक बैंकिङ्ग विभागमा कार्यरत प्रबन्धक गगनसिंह घिमिरे (११३८७) की आमा ज्ञानीकला घिमिरे, शा.का. गुल्मीमा कार्यरत कार्यालय सहयोगी हरिप्रसाद घिमिरे (९३९२) की आमा टिका घिमिरे, मु.शा.का. विशालबजारमा कार्यरत सहायक प्रबन्धक शिवप्रसाद गौतम (१०६५७) की आमा गंगादेबी गौतम, शा.का. मन्थलीमा कार्यरत सहायक प्रबन्धक रविन्द्रकुमार मण्डल(१२०९७) को बुबा हिरालाल मण्डल, शा.का. हिलेमा कार्यरत सहायक प्रबन्धक सुदीपकुमार शाक्य (१०९४३) की आमा वालकुमारी शाक्य, शा.का. भोटाहिटीमा कार्यरत सुरक्षागार्ड गोपाल कार्की (११३३०) को बुबा कुलबहादुर कार्की, शा.का. गुलरीयामा कार्यरत सहायक पशुपति अधिकारी (११७६१) की ससुरा शारदाप्रसाद पोखरेल, शा.का. विजुवारमामा कार्यरत बरिष्ठ बाहक खिमप्रसाद शर्मा (१०२२२) की आमा कलि लम्साल, ५ नं. प्रा.का. नेपालगंजमा कार्यरत बरिष्ठ सहायक गोपाल श्रेष्ठ (९६९६) की आमा सीतादेबी श्रेष्ठ, शा.का. गौशलामा कार्यरत नगद सहायक मैया भण्डारी (१२२८९) की सासु विष्णुकमारी भट्टराई खत्री, शा.का.जुम्लामा कार्यरत कनिष्ठ सहायक राजुकमारी शाही (१२१७०) की सासु मायादेबी स्वार, शा.का. धनकुटामा कार्यरत सहायक कृष्ण बराल (११७०६) की आमा झुलमाया कुमारी वराल, शा.का. सूर्यविनायकमा कार्यरत सहायक दिब्या बस्नेत(१२३४८) की ससुरा डम्बरबहादुर कार्की, शा.का. ऐंसेलुखर्कमा कार्यरत नगद सहायक दिपेन्द्रकुमार मण्डल (१२८५६) को बुबा कृष्णप्रसाद मण्डल, शा.का. कलैयामा कार्यरत बरिष्ठ सहायक बरुण गुप्ता (११८६६) को बुबा बावुलाल प्रसाद साह, शा.का. वानेश्वरमा कार्यरत बरिष्ठ सहायक मोहनप्रसाद भट्टराई (१०४४०) की आमा सुशिलादेबी भट्टराई, शा.का. बिराटनगरमा कार्यरत सुरक्षगार्ड मिनध्वज खत्री (१२२८६) की आमा शुभद्रादेबी खत्री, शा.का. श्रीपुरबेलौरीमा कार्यरत सहायक निशा पन्त (१२८४६) की बुबा मोली राना, शा.का. श्रीपुरबेलौरीमा कार्यरत सहायक चन्द्रकला चन्द (१२१६७) की बुबा मानबहादुर चन्द, शा.का.कटहरीमा कार्यरत शाखा प्रबन्धक पारस कुमार प्रधानाङ्ग (११४४३) को बुबा वीरेन्द्र कुमार प्रधानाङ्ग, शा.का. दार्चुलामा कार्यरत नगद अधिकृत इश्वरीदत्त वडु (१०७७८) को बुबा रामदत्त वडुको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

नोटः गत अङ्कमा शा.का.सुख्खा बन्दरगाहामा कार्यरत शाखा प्रवन्धक मनिराज तामाङ हुनु पर्नेमा अन्यथा भएकोमा भूल सुधार गरिएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Aadesh Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9841068987